मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## प्रदेशस्तरीय राष्ट्रपति रनिङशिल्ड छनोट प्रतियोगिता सुरु

हेटौँडा, १३ जेठ/ बागमती प्रदेशस्तरीय राष्ट्रपति रनिङशिल्ड छनोट प्रतियोगिता बुधबारदेखि सुरु भएको छ । बागमती प्रदेश सरकारका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले रनिङशिल्ड प्रतियोगिताको उद्घाटन गरेका हुन् । कार्यक्रममा मुख्यमन्त्री बानियाँले खेलकुद क्षेत्रको विकास, युवा प्रतिभाको प्रोत्साहन तथा प्रदेशस्तरीय खेल गतिविधिलाई थप प्रभावकारी बनाउने विषयमा प्रदेश सरकारले जोड दिएको बताए । उनले सात वटै प्रदेशलाई खेलमार्फत् जोड्ने गरी प्रदेशले तयारी थालेको समेत जानकारी दिए । मुख्यमन्त्री बानियाँले खेलकुदले युवालाई अनुशासित, आत्मविश्वासी र राष्ट्रप्रति जिम्मेवार नागरिक बनाउन महत्वपूर्ण भूमिका खेल्ने बताउँदै प्रदेश सरकारले खेल पूर्वाधार विकास र खेलाडी प्रोत्साहनलाई प्राथमिकतामा राखेको उल्लेख गरे । उनले भने 'राष्ट्रपति रनिङशिल्ड प्रतियोगिताले नयाँ प्रतिभा पहिचान गर्न र राष्ट्रियस्तरका खेलाडी उत्पादन गर्न महत्वपूर्ण योगदान पुर्याउनेछ ।

# आलु उत्पादन ३७ लाख टन नाघ्ने सरकारी तथ्याङ्क

## अचित मूल्य नपाउँदा थाहाका किसान भने संकटमा

साझाकुरा संवाददाता

हेटौंडा, १३ जेठ/सरकारले चालु आर्थिक वर्ष २०८२/८३ मा देशभर आलु उत्पादन र उत्पादकत्वमा उल्लेख्य बृद्धि हुने प्रक्षेपण सार्वजनिक गरेको छ ।

बुधबारको प्रतिनिधि सभा बैठकमा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आर्थिक सर्वेक्षणमार्फत् सार्वजनिक गरिएको तथ्याङ्कअनुसार यसवर्ष नेपालमा ३७ लाख ५६ हजार नौसय ६६ टन आलु उत्पादन हुने अनुमान गरिएको छ । तर, सरकारी स्तरमा उत्पादन बृद्धिको उत्साह व्यक्त भइरहेका बेला मकवानपुरको थाहा नगरपालिकाका किसान भने आलुको उचित मूल्य नपाउँदा गम्भीर आर्थिक संकटमा परेका छन् ।



उत्पादन बढेपनि बजार मूल्य अत्यन्त न्यून भएपछि किसान लगानीसमेत उठाउन नसक्ने अवस्थामा पुगेका हुन् । खेतीमा प्रयोग हुने बीउ, मल, विषादि, मजदुरी तथा ढुवानी खर्च निरन्तर बढ्दै गएको भएपनि बजारमा आलुको मूल्य भने लगातार ओरालो लागेपछि किसान निराश बनेका छन् ।

### खेतमै सस्तो मूल्यमा आलु बिक्री गर्न बाध्य

थाहा नगरका किसानका अनुसार यसवर्ष व्यापारीहरूले खेतमै पुगेर सेतो आलु प्रतिकिलो १० रुपैयाँ र रातो आलु प्रतिकिलो १२ रुपैयाँमा खरिद गरिरहेका छन् । गतवर्ष यही समयमा किसानहरूले खेतबाटै प्रतिकिलो २० देखि २५ रुपैयाँसम्ममा आलु बिक्री गरेका थिए ।

यसवर्षको मूल्य गत वर्षको तुलनामा झण्डै आधाभन्दा कम भएपछि किसानहरू मारमा परेका हुन् । उनीहरूका अनुसार उत्पादन लागतसमेत नउठ्ने गरी मूल्य घटेपछि धेरै किसान कठिनाइमा परेका छन् ।

### डढुवा रोगले उत्पादन घट्यो

यसवर्ष आलु उत्पादनमा मौसमले पनि किसानलाई साथ दिएन । आलु बढ्ने समयमा लगातार परेको वर्षासँगै डढुवा रोग फैलिएको किसानहरूले बताएका छन् । रोग फैलिन थालेपछि धेरै किसानले समयअगावै आलु खन्न बाध्य भएका थिए ।

सामान्य अवस्थामा भन्दा कम उत्पादन हुँदा किसानले मूल्य बढ्ने अपेक्षा गरेका थिए । तर, बजारमा भने मूल्य घटेपछि किसान दोहोरो मारमा परेका छन् । किसानहरूका अनुसार रोगका कारण आलुको गुणस्तरमा समेत असर परेको छ । केही किसानले उत्पादन भएको आलु लामो समय भण्डारण गर्न नसकिने भएकाले तत्काल बेच्नुपरेको बताएका छन् ।

### उत्पादन बृद्धि गर्ने सरकारी प्रक्षेपण

सरकारले बुधबार सार्वजनिक गरेको आर्थिक सर्वेक्षण २०८२/८३ अनुसार यसवर्ष देशभर दुईलाख २३ हजार आठसय ६९ हेक्टर क्षेत्रफलमा आलु खेती गरिएको छ । कूल उत्पादन ३७ लाख टनभन्दा बढी हुने अनुमान गरिएको छ ।

सर्वेक्षणले यसवर्ष आलुको उत्पादकत्व प्रतिहेक्टर १६ दशमलव ७८ टन पुग्ने प्रक्षेपण गरेको छ । नेपाललाई आलुमा पूर्ण आत्मनिर्भर बनाउन उत्पादकत्व अझ बढाएर १७ दशमलव ८६ टन प्रतिहेक्टर पुर्‍याउनुपर्ने आवश्यकता औंल्याइएको छ । यदि उत्पादकत्व बृद्धि हुन नसकेमा थप १५ हजार तीनसय ७४ हेक्टर क्षेत्रफलमा आलु खेती विस्तार गर्नुपर्ने अध्ययनले देखाएको छ । सरकारले आलु उत्पादन वृद्धि गर्दै आयात प्रतिस्थापन गर्ने लक्ष्य राखेको छ । तर, किसानहरू भने उत्पादन बढाउनु मात्रै पर्याप्त नभई बजार व्यवस्थापन र मूल्य सुनिश्चितता पनि उत्तिकै आवश्यक रहेको बताउँछन् ।

थाहा नगरपालिकाको कृषि शाखा प्रमुख बालकुमारी भट्टराईका अनुसार नगरपालिकामा करिब पाँचसय ८० हेक्टर क्षेत्रफलमा आलु खेती हुँदै आएको छ । यहाँ वार्षिक करिब १२ हजार तीनसय मेट्रिक टन आलु उत्पादन हुने गरेको छ ।

प्रति हेक्टर आलुको उत्पादकत्व २१ दशमलव दुईमेट्रिक टन रहेको तथ्याङ्क छ । थाहा नगरपालिकाको दामन, पालुङ, बज्रबाराही र चित्लाङ क्षेत्रमा विशेष गरी व्यावसायिकरूपमा आलु खेती हुँदै आएको छ । यहाँ उत्पादन हुने आलु काठमाडौं, पोखरा, हेटौंडा, बुटवल, भरतपुरलगायत विभिन्न सहरमा बिक्री हुँदै आएको छ ।

चालु आर्थिक वर्षमा औद्योगिक प्रयोजनका लागि व्यावसायिक आलु उत्पादन कार्यक्रमअन्तर्गत् संघीय सरकारको सशर्त अनुदानमा नगरपालिकाले किसानलाई १० हजार किलो आलुको बीउ वितरण गरेको थियो । किसानहरूले समयमै कोल्ड स्टोर सञ्चालनमा आउन नसक्दा उत्पादन भण्डारण गर्न नपाई खेतबाटै सस्तो मूल्यमा बेच्नुपर्ने बाध्यता रहेको बताएका छन् ।

स्थानीय किसानहरूका अनुसार थाहा क्षेत्रमा वर्षौंदेखि कोल्ड स्टोरको आवश्यकता उठ्दै आएपनि प्रभावकारीरूपमा सञ्चालन हुन सकेको छैन । यसवर्ष भारतीय आलु सस्तो मूल्यमा नेपाली बजारमा भित्रिएका कारण पनि स्थानीय आलुको मूल्य घटेको किसानहरूको भनाई छ । बजारमा आयातित आलुको प्रभाव बढेपछि स्वदेशी उत्पादनले उचित मूल्य पाउन नसकेको उनीहरू बताउँछन् ।

सरकारी तथ्याङ्कअनुसार नेपाल आलुको बीउमा अझै पनि करिब ५० प्रतिशत परनिर्भर रहेको छ । देशभर वार्षिक चार लाख २३ हजार १० टन आलुको बीउ आवश्यक पर्ने भएपनि स्वदेशी उत्पादनले आधा मागमात्र धानिरहेको छ ।

देशभर वार्षिक ९ लाख दाना आलुको पूर्व मूलबिउको माग रहेको छ । तर, सरकारी तथा निजी क्षेत्रबाट जम्मा ८ लाख दानामात्र उत्पादन हुने गरेको छ । सरकारले आलु उत्पादन बढाएर आयात प्रतिस्थापन गर्ने लक्ष्य राखेपनि गुणस्तरीय बिउको उपलब्धता र उत्पादकत्व बृद्धिमा अझै ठोस पहल आवश्यक देखिएको विज्ञहरू बताउँछन् ।

# कुलेखानीमा माछा बिक्रीबाट साढे तीन लाख राजस्व संकलन

साझाकुरा संवाददाता

हेटौँडा, १३ जेठ/ मत्स्य विकास केन्द्र कुलेखानी, मकवानपुरले चालु आर्थिक वर्ष २०८२/८३ को दश महिनाको अवधिमा डेढ मेट्रिकटन भन्दा बढी माछा बिक्री गरी तीन लाख ७८ हजार ६३८ रुपियाँ राजस्व संकलन गरेको छ । केन्द्रले चालु आर्थिक वर्षमा दुई मेट्रिकटन माछा उत्पादन गर्ने लक्ष्य लिएकोमा बाँकी दुई महिनाभित्र लक्ष्यभन्दा बढी उत्पादन तथा बिक्री हुने अपेक्षा गरिएको केन्द्रका प्रमुख एवम् मत्स्य विकास अधिकृत भीमदत्त भट्टले जानकारी दिए ।



केन्द्रले ईन्द्रसरोवर तालमा तिहारी जाल तथा केज प्रणालीमार्फत् माछा पालन गर्दै आएको छ । उत्पादित माछा साताको दुई दिन बिहीबार र शुक्रबार बिक्री गरिँदै आएको छ । हाल केन्द्रले सिल्भर, बिगहेड, कमन ग्रास, रहु र नैनी जातका माछा उत्पादन तथा बिक्री गर्दै आएको जनाएको छ । उत्पादित माछा अधिकांश स्थानीयस्तरमै खपत हुने गरेको छ ।

चालु आर्थिक वर्षमा केन्द्रले स्थानीय जातका माछा सङ्कलन गरी प्रयोगशालामा संरक्षण गर्ने, नदी तथा खोलानालामा फिस क्याच र बायोनिम्नोलोजिकल अध्ययन गर्ने, कुलेखानी रिजरभ्वायरमा जलीय स्रोतको अध्ययन गर्नेलगायतका कार्यक्रम सम्पन्न गरेको जनाएको छ ।

त्यसैगरी, जलचर संरक्षण ऐनसम्बन्धी सचेतनामूलक अन्तरक्रिया, विश्व मत्स्य दिवसको अवसरमा सरोकारवालासँग छलफल तथा इन्द्रसरोवर तालमा सरसफाइ कार्यक्रम पनि सम्पन्न गरिएको केन्द्रले जनाएको छ ।

जलीय जैविक विविधता संरक्षणका लागि केन्द्रले कुलेखानी रिजरभ्वायरमा पहिलो चरणमा तीनलाख माछाका भुरा छाडिसकेको जनाएको छ । बाँकी भुरा छाड्ने कार्यक्रम पनि सञ्चालन हुने बताइएको छ । साथै माझी तथा बोटे समुदायको जीविकोपार्जन सुधारका लागि स्थानीय जातका माछाका भुरा वितरण, तालिम तथा सामग्री सहयोगका कार्यक्रम बाँकी रहेको कार्यालयले जनाएको छ ।

केज पद्धतिमा सहर जातको माछा पालन परीक्षणसमेत सुरु गरिएको केन्द्रले जनाएको छ । इन्द्रसरोवर तालको केजमा ६ हजार ६५० सहर माछाका भुरा परीक्षणका रूपमा पालन गर्न थालिएको प्रमुख भट्टले बताए ।

# हस्तलेखन प्रतियोगितामा जेम्स विद्यालयकी उमङ्ग प्रथम


साझाकुरा संवाददाता

हेटौँडा, १३ जेठ/ सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवा केन्द्र हेटौँडा-११, मकवानपुरको आयोजनामा सम्पन्न हस्तलेखन प्रतियोगितामा जेम्स इङ्लिस सेकेण्डरी विद्यालयकी उमङ्ग विक प्रथम भएकी छन् ।

प्रतियोगितामा हेटौँडा एकेडेमी आवासीय विद्यालयकी मिताली बस्नेत द्वितीय तथा जेम्स इङ्लिस सेकेण्डरी विद्यालयकी जिनुरा आलेमगर तृतीय भएकी छन् । बिजेता विद्यार्थीहरूलाई क्रमशः नगद ५ हजार, ३ हजार ५ सय र १ हजार ५ सय रुपैयाँसहित प्रमाणपत्र प्रदान गरिएको थियो। प्रतियोगितामा कृष्णप्रसाद खनाल, रमा आचार्य तथा दीपेन्द्रकुमार पाठक (पुष्प पराग) ले निर्णायकको भूमिका निर्वाह गरेका थिए ।

हेटौँडा उपमहानगरपालिका-११ वडा कार्यालयको स्वीकृत बजेटअन्तर्गत् वडा नं. ११ भित्रका विद्यालयमा कक्षा ८ देखि १० सम्म अध्ययनरत् विद्यार्थीहरूलाई लक्षित गरी शैक्षिक प्रतियोगितात्मक कार्यक्रम सञ्चालन गरिएको सामुदायिक प्रहरी सेवा केन्द्रका अध्यक्ष देवकुमार श्रेष्ठले बताए ।

सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवा केन्द्र हेटौँडा-११ को आयोजनामा तथा वडा कार्यालयको आर्थिक सहयोगमा यसअघि हाजिरीजवाफ प्रतियोगिता सम्पन्न भइसकेको उनले जानकारी दिए । शैक्षिक प्रतियोगितात्मक कार्यक्रम अन्तर्गत् जेठ १३ गते शंकर ज्योति माध्यमिक विद्यालयमा चित्रकला प्रतियोगिता तथा जेठ १४ गते वक्तृत्वकला प्रतियोगिता आयोजना हुनेछ ।






साझाकुरा

हाम्रो कुरा

# इबोला भाइरस: सतर्कता र पूर्वतयारीको आवश्यकता

विश्व स्वास्थ्य सुरक्षाका दृष्टिले इबोला भाइरस आज पनि अत्यन्त खतरनाक संक्रामक रोगका रूपमा चिनिन्छ । अफ्रिकी मुलुकहरूमा पटक-पटक महामारीको रूप लिएको इबोलाले हजारौं मानिसको ज्यान लिइसकेको छ । नेपालमा हालसम्म इबोलाको ठूलो संक्रमण देखिएको छैन, तर विश्वव्यापी आवागमन, वैदेशिक रोजगारी, पर्यटन र खुला अन्तर्राष्ट्रिय सम्पर्कका कारण नेपाल पूर्ण रूपमा सुरक्षित छ भन्न सकिने अवस्था छैन । त्यसैले इबोला भाइरसप्रति समयमै सचेत र तयारी अवस्थामा रहनु अहिलेको आवश्यकता हो । इबोला भाइरस मुख्यत: संक्रमित व्यक्तिको रगत, शरीरबाट निस्कने तरल पदार्थ वा संक्रमित जनावरसँगको सम्पर्कबाट फैलिने गर्दछ । यसको संक्रमण भएपछि उच्च ज्वरो, कमजोरी, बान्ता, झाडापखाला, शरीर दुख्ने तथा गम्भीर अवस्थामा आन्तरिक र बाह्य रक्तस्रावसमेत हुने गर्दछ । विश्व स्वास्थ्य संगठनका अनुसार यो रोगको मृत्युदर अत्यन्त उच्च हुन सक्छ । यही कारण इबोलालाई सामान्य संक्रामक रोगका रूपमा लिन सकिँदैन ।

नेपालको स्वास्थ्य प्रणाली अझै पनि सीमित स्रोत र पूर्वाधारमा निर्भर छ । कोभिड-१९ महामारीले हाम्रो स्वास्थ्य संरचनाको वास्तविक अवस्था उजागर गरिसकेको छ । पर्याप्त आइसोलेसन वार्ड, आधुनिक प्रयोगशाला, दक्ष जनशक्ति र आकस्मिक स्वास्थ्य तयारीमा अझै धेरै कमजोरी छन् । यदि भविष्यमा इबोलाजस्तो घातक रोग नेपालमा भित्रियो भने त्यसलाई नियन्त्रण गर्नु चुनौतीपूर्ण हुन सक्छ । त्यसैले अहिले नै पूर्वतयारी गर्नु बुद्धिमानी हुनेछ । नेपाल सरकारले विमानस्थल तथा सीमा नाकामा स्वास्थ्य परीक्षणलाई प्रभावकारी बनाउनुपर्छ । विशेष गरी संक्रमण देखिएका मुलुकबाट आउने यात्रुको निगरानी, स्वास्थ्य परीक्षण र आवश्यक परे क्वारेन्टिन व्यवस्थालाई व्यवस्थित बनाउन आवश्यक छ । साथै स्वास्थ्यकर्मीलाई विशेष तालिम, अस्पतालहरूमा सुरक्षा सामग्रीको उपलब्धता तथा आकस्मिक प्रतिकार्य योजनालाई मजबुत बनाउनुपर्छ ।

जनचेतना अर्को महत्त्वपूर्ण पक्ष हो । नेपालमा अझै पनि स्वास्थ्यसम्बन्धी अफवाह र भ्रम तीव्र रूपमा फैलिने प्रवृत्ति छ । महामारीको समयमा गलत सूचना फैलिनु आफैंमा अर्को संकट बन्न सक्छ । त्यसैले सञ्चारमाध्यम, विद्यालय, सामाजिक संस्था तथा सरकारी निकायले वैज्ञानिक र सत्य सूचना जनतासम्म पुर्‍याउन प्राथमिकता दिनुपर्छ । डर फैलाउने होइन, सचेतना बढाउने वातावरण आवश्यक छ । इबोला नेपालका लागि अहिले प्रत्यक्ष संकट नभए पनि यसलाई बेवास्ता गर्ने छुट छैन । विश्व आज “ग्लोबल भिलेज” मा रूपान्तरण भइसकेको छ, जहाँ एक देशको स्वास्थ्य संकट अर्को देशसम्म पुग्न समय लाग्दैन । त्यसैले नेपालले स्वास्थ्य सुरक्षालाई राष्ट्रिय प्राथमिकताका रूपमा लिनुपर्छ । महामारी आउँदा मात्रै हतारिने होइन, महामारी आउनुअघि नै तयारी गर्नु नै जिम्मेवार शासनको पहिचान हो । इबोलाजस्ता घातक रोगविरुद्ध लड्ने सबैभन्दा प्रभावकारी उपाय भनेकै सतर्कता, वैज्ञानिक तयारी र जनचेतना हो । समयमै सावधानी अपनाउन सके नेपालले सम्भावित जोखिमलाई सहजै नियन्त्रण गर्न सक्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८३ जेठ १५ गते शुक्रबार २९ मे २०२६ । त्रयोदशी, जेठ शुक्लपक्ष । अनलाथ्व ११४६ ने.सं. । सूर्योदय ५:११ सूर्यास्त ६:५२। राष्ट्रिय गणतन्त्र दिवस । सगरमाथा आरोहण दिवस । शान्ति सेना दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : रमाइलो यात्रा हुनेछ | तुला | : धार्मिक आस्था बढ्नेछ |
| वृष | : धन कमाउने योग परेको छ | वृश्चिक | : कल्याणकारी कार्यकोअवसर मिल्नेछ |
| मिथुन | : पश्चात्ताप लाग्नेछ | धनु | : अधिक परिश्रम गर्नु पर्नेछ |
| कर्कट | : शारीरिक आलस्यता बढ्नेछ | मकर | : मेहनतको फल पाइनेछ |
| सिंह | : सकारात्मक सोचाइ रहनेछ | कुम्भ | : कार्यभार र व्यस्तता बढ्नेछ |
| कन्या | : दया मायाका कार्य हुनेछन् | मीन | : व्यापार-व्यवसाय सामान्य रहनेछ |

# हजार होइन सय योजना, बजेटमार्फत अर्थतन्त्रको पुनर्संरचना



✍डा. अंगराज तिमिल्सिना

वाक्पटुताले चिनिने छिमेकी भारतका पूर्वसांसद हुकुमदेव यादवले लोकसभामा नीति तथा कार्यक्रमका बारेमा भनेको निम्न भनाइ प्रख्यात छ- ‘हामीलाई हार्वर्डवाला अर्थशास्त्री होइन, भारत बुझ्ने, ‘होम ग्रोन’ अरुण जेट्ली जस्तो अर्थशास्त्री चाहिन्छ ।’ तर आपूर्ति शृंखला, व्यापार, लगानी, पारवहन, वैदेशिक रोजगार, आप्रवासन र प्रविधि आदिले जेलिएको अहिलेको विश्वमा अर्थतन्त्रका आन्तरिक र बाह्य चुनौती दुवै बुझ्ेको, अनि आफू जस्तै अरू देशले के गरिरहेका छन् भन्ने राम्ररी बुझ्ेका अर्थशास्त्री चाहिन्छन् । नेपालको अर्थ मन्त्रालयदेखि योजना आयोग र राष्ट्र बैङ्कसम्मको नेतृत्व यस्तै अनुभवी अर्थशास्त्रीहरूको हातमा छ । आशा गरौं, यसपटकको बजेट विगतका बजेटहरू भन्दा प्राथमिकता र कार्यान्वयन दुवै हिसाबले रूपान्तरणकारी हुनेछ ।

सुधारको एजेन्डासहित सत्तामा आएको बलियो सरकारका अनुभवी र विज्ञ अर्थमन्त्रीलाई अर्थतन्त्रको वर्षौंदेखिको जडताको चक्रव्यूह तोडेर रूपान्तरणको दिशामा अघि बढ्ने ऐतिहासिक अवसर खडा छ । अर्को अर्थमा भन्दा, अर्थमन्त्रीलाई एउटा अर्थमन्त्री (राजस्व हेर्ने, बजेट निर्माण र विनियोजन गर्ने) मात्र नभएर नेपालको ‘आर्थिक विकास मन्त्री’ बन्ने ठूलो अवसर छ । नेपालको बजेट बनाउने प्रक्रिया, बजेटका प्राथमिकताहरू र बजेट कार्यान्वयनका मुख्य चुनौतीको चर्चा गर्दा- रोगचाहिं पुरानै तर डाक्टर र उपचारविधि नयाँ चाहिने अवस्था छ । हरेक वर्ष धेरैभन्दा धेरै योजना समेट्दा बजेट कनिका छरे जस्तो हुने गरेकाले एकातिर घोषणा धेरै, तर कार्यान्वयन फितलो बन्दै गएको देखिन्छ । नेपालको प्राय: हरेक बजेटले सडक, पुल, सिंचाइ, विद्युत्, कृषिको आधुनिकीकरण, रोजगारी, उद्यम, पर्यटन, शिक्षा-स्वास्थ्य, सैंयता र सामाजिक सुरक्षा जस्ता कुरा दोहोर्‍याउने गरेकै छन् ।

तर व्यवहारमा चालु खर्च बढ्दै गएको, पूँजीगत खर्च कमजोर भएको, टुक्रे आयोजना धेरै भएका र राजनीतिक दबाब (जस्तो कि सांसद कोष) का कारण बजेट वितरणमुखी बन्दै गएको छ । पूँजीगत बजेटको खर्च वर्षको अन्तिमतिर मात्रै हुने (अर्थात् असारमा हतारमा हुने विकास) र धेरै परियोजना अधुरै वा निम्न गुणस्तरका रहने संरचनागत समस्यामा नेपाल जकडिएको छ । हजारौं परियोजना शुरु गरिन्छन्, तर स्रोतको जोहो नहुँदा लागत बढ्ने, काम अधुरो हुने र परियोजनाको सम्झौतामा हेरफेर गर्दा भ्रष्टाचार पनि बढ्ने गरेको देखिन्छ । यही भएर राष्ट्रिय गौरवका आयोजनाहरू समेत पूरा हुन दशकौं लागेको अवस्था छ ।

पूर्वाधार निर्माणमा ढिलाइ र कमसल गुणस्तर हुनुमा ठेक्का प्रणालीमा धेरै समस्या छन् । चुनावताका नेपाली काङ्ग्रेसका महामन्त्री गगन थापाले ४२ वटा कानून परिवर्तनका कुरा औंल्याएका थिए भने रास्वपाका सभापति रवि लामिछानेले ‘यही बुझ्न २० वर्ष लागेछ’ भनेर छेड हानेको पनि सुनिएको थियो । सबैभन्दा कम बोलकबोल गर्नेलाई ठेक्का दिंदा गुणस्तरमा असर पर्ने नै भयो । बोलकबोलमा ढिलाइ, सम्झौतामा घरीघरी परिमार्जन र भ्रष्टाचार, सम्झौता पालनामा अनुगमन कमजोर आदि समस्या भएकाले विश्व बैङ्कले ठेक्कापट्टामा दक्षिणएशियामै नेपाल ढिलोमध्ये पर्ने उल्लेख गरेको छ । सै, प्रदेश र स्थानीय तह बीचको समन्वय एकातिर कमजोर छ भने अर्कोतिर धेरै दोहोरिएका परियोजना र अधिकारले पनि स्रोतको सही सदुपयोग हुनसकेको छैन ।

नेपालको राजस्वको आधार नै कमजोर छ । राजस्व आयातमा आधारित छ भने करका दायरा साँघुरा छन् । देशको झन्डै ५० प्रतिशतभन्दा बढी अर्थतन्त्र अनौपचारिक छ । वित्तीय क्षेत्रमा अहिले तरलता बढी छ, तर बैङ्किङ क्षेत्रबाहिर कम देखाए पनि औसतभन्दा बढी खराब कर्जा छ अनि सहकारी क्षेत्र सङ्कटमा छ । विश्व बैङ्कका अनुसार, तयारी नै नपुगेका परियोजनाहरू वा धेरैभन्दा धेरै परियोजना बजेटमा समेट्न खोज्दा धेरै खर्च गर्ने कोसिसलाई नै (न कि गुणस्तरीय खर्चलाई) सफलता ठानिए जस्तो छ । यदि बालेन शैली अर्थात् ‘डेलिभरी’ लाई मूलमन्त्र मान्ने हो भने १००० आयोजना होइन, १०० योजना पूरा गर्ने लक्ष्य राख्न जरूरी छ । नेपालको अर्थतन्त्रका धेरै मूलभूत कुराहरू दुईधारे तरबार जस्ता छन् ।

आयात बढ्दा पराधीनता बढ्ने, घट्दा राजस्व घटेर सरकारलाई साधारण खर्च पनि धान्न गाह्रो हुने । वैदेशिक ऋण धेरै बढे राजस्वको धेरै हिस्सा सावाँ र ब्याज बुझाउनै ठिक्क हुने, ऋण नलिने हो भने विकास ठप्प हुने । बढ्दै गएको विप्रेषण (रेमिट्यान्स) ले नेपालको गरिबी घटाउन ठूलो मद्दत गरेको छ भने, युवा पलायनको यही रफ्तार बढ्दै गए छिट्टै नेपाललाई चाहिने श्रमशक्ति नै नपुग्ने अवस्था आउने देखिन्छ । उसै त शिक्षा र स्वास्थ्यको पहुँच र गुणस्तर कमजोर हुँदै जाँदा देशलाई चाहिने श्रमशक्तिको आपूर्तिमा ठूलो असर पर्छ ।

बजेटलाई आय र व्ययको दस्तावेज अर्थात् रातो किताबभन्दा पनि नेपालको विकास र अर्थतन्त्रको पुनर्संरचनाको आधारभूत कानूनका रूपमा विकास गर्न जरूरी छ । नेपालको समग्र विकासको रफ्तार बढाउन बजेट कस्तो खालको क्रमभङ्गता वा रूपान्तरणकारी बन्नुपर्छ भन्ने चर्चा गर्दा निम्न कुरालाई ध्यान दिन जरूरी छ :

### नीतिगत स्थिरताको सुनिश्चितता

नेपालको बजेट निर्माण प्रक्रियामा नीतिगत अस्थिरता एउटा गम्भीर समस्या बनेको छ । नेपालमा बजेटमार्फत घोषणा गरिएका नीतिहरू धेरैपटक अल्पकालीन राजनीतिक स्वार्थअनुसार परिवर्तन हुने गरेका छन् । यसअघि एक सरकारले ल्याएको कर नीति, भन्सार दर वा लगानी सम्बन्धी सुविधा अर्को सरकारले संशोधन वा खारेज गर्ने प्रवृत्ति देखिन्छ । उदाहरणका लागि, जलविद्युत् क्षेत्रमा विदेशी लगानीकर्तालाई कर छुट र सहजीकरण दिने नीति एक वर्ष प्राथमिकतामा राखिन्छ भने अर्को वर्ष कर संरचनामा परिवर्तन गरिन्छ । यसले लगानीकर्तामा ‘नीति कति समय टिक्छ ?’ भन्ने अनिश्चितता पैदा गर्छ । बजेटले दीर्घकालीन आर्थिक दिशा दिने अपेक्षा गरिए पनि नेपालमा सरकार परिवर्तन, राजनीतिक सहमतिको अभाव र बारम्बार नियम संशोधनका कारण नीति स्थिर रहन सकेको छैन । यसको प्रत्यक्ष असर लगानीको वातावरणमा परेको छ, विशेषगरी निजी तथा विदेशी लगानी आकर्षित गर्न कठिन भएको देखिन्छ ।

उद्योग तथा व्यापार क्षेत्रमा बजेटका प्रावधानहरूले निरन्तरता पाउन सकेका छैनन् । जस्तो कि, विद्युतीय सवारीमा कर दरको बारम्बार परिवर्तनले कुनै वर्ष प्रोत्साहनका लागि कम भन्सार र अन्त:शुल्क तोकिन्छ, अर्को वर्ष अचानक कर बढाइन्छ । लगानीकर्ताले ठूलो पूँजी लगाउनुअघि नीतिको स्थायित्व खोज्छन्, तर नेपालमा नीति अस्थिर हुँदा उनीहरू भारत, बङ्गलादेश वा भियतनाम जस्ता तुलनात्मक रूपमा स्थिर नीति भएका मुलुकतर्फ आकर्षित हुने गरेका छन् । पूर्वाधार तथा औद्योगिक परियोजनाको नीति, जस्तो कि विशेष आर्थिक क्षेत्र सम्बन्धी नीतिमा पटक-पटक संशोधन हुँदा उद्योगीहरूले अपेक्षित लाभ लिन सकेका छैनन् ।

भैरहवा र सिमरामा उद्योग स्थापना गर्ने वातावरण बनाउन सरकारले पटक-पटक घोषणा गरे पनि कानूनी प्रक्रिया, कर छुट तथा प्रशासनिक व्यवस्था स्पष्ट र स्थिर नहुँदा अपेक्षित लगानी आउन सकेको छैन । ठीक त्यसरी नै, उत्पादनमूलक उद्योगलाई सहुलियत कर्जा दिने घोषणा भए पनि कार्यविधि परिवर्तन वा ढिलाइका कारण धेरै उद्योगले लाभ लिन सकेनन् । यसले सरकारको प्रतिबद्धतामाथि निजी क्षेत्रको विश्वास घटाएको छ । यदि नेपालले लगानी आकर्षित गर्ने हो भने बजेट प्रक्रियालाई राजनीतिक परिवर्तनभन्दा माथि उठाएर कम्तीमा ५-१० वर्ष टिक्ने स्थिर आर्थिक नीति निर्माण गर्न आवश्यक छ । यसले मात्र निजी तथा विदेशी लगानीकर्तामा विश्वास बढाएर आर्थिक वृद्धिको आधार तयार गर्न सक्छ ।

### प्राथमिकता निर्धारणमा दीर्घकालीन सोच

नेपालको बजेट निर्माण प्रक्रियाको पुरानो कमजोरी भनेकै विकास प्राथमिकतामा निरन्तरताको अभाव हो । सरकार फेरिनेबित्तिकै विकासका प्राथमिकता बदलिने, नयाँ आयोजना थपिने र पुराना योजनाहरू ओझेलमा पर्ने प्रवृत्तिले मध्यकालीन तथा दीर्घकालीन विकास दृष्टिकोण कमजोर बनाएको छ । बजेटले विकासलाई निरन्तरता दिनुपर्ने हो, तर नेपालमा राजनीतिक परिवर्तनसँगै विकासको दिशा नै फेरिने समस्या गहिरिँदै गएको छ ।

यसको सबैभन्दा ठूलो असर पूर्वाधार क्षेत्रमा देखिन्छ । सडक, रेल, विमानस्थल वा ऊर्जा आयोजनाहरू सरकार अनुसार प्राथमिकतामा चढ्ने-ओर्लने गरेका छन् । परिणामत: परियोजनाहरू समयमै सम्पन्न हुँदैनन्, लागत बढ्छ र अपेक्षित प्रतिफल प्राप्त हुँदैन । मेलम्ची खानेपानी आयोजना यसको प्रतिनिधि उदाहरण हो- दशकौं लामो ढिलाइ, नीतिगत फेरबदल र प्रशासनिक कमजोरीका कारण यसको लागत र समय दुवै अस्वाभाविक रूपमा बढे । यस्तै, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सम्पन्न भए पनि स्पष्ट सञ्चालन रणनीति र पूर्वतयारी अभावले अपेक्षित उपयोग हुनसकेको छैन । यसले नेपालमा संरचना बनाउने तर त्यसको दिगो सञ्चालनबारे सोच नपुग्ने प्रवृत्ति उजागर गर्छ । काठमाडौं-तराई द्रुतमार्ग, रेलमार्ग तथा औद्योगिक पूर्वाधारका धेरै आयोजना पनि यस्तै अनिश्चितताबाट गुज्रिरहेका छन् । यदि आगामी बजेटले साँच्चै क्रमभङ्गता ल्याउने हो भने राजनीतिक फेरबदलभन्दा माथि उठेर राष्ट्रिय प्राथमिकतालाई दीर्घकालीन निरन्तरता दिने साहस गर्नुपर्छ । नत्र बजेट फेरिनेछ, घोषणा फेरिनेछन्, तर विकासको गति उही जडतामा अल्झिरहनेछ ।

### करका दरहरूमा स्थिरता र एकरूपता

बजेट निर्माण प्रक्रियाको अर्को पुरानो कमजोरी भनेको कर नीतिमा स्थिरता र एकरूपताको अभाव हो । हरेक बजेटसँगै करका दर, भन्सार, अन्त:शुल्क र कर छुटका व्यवस्थामा फेरबदल हुने प्रवृत्तिले अर्थतन्त्रमा अन्योल बढाएको छ । व्यवसायी र लगानीकर्ताले दीर्घकालीन योजना बनाउन सक्ने स्थिर कर वातावरण खोज्छन्, तर नेपालमा कर नीति प्राय: अल्पकालीन राजस्व सङ्कलनको औजार बनेको देखिन्छ । निर्माण सामग्रीदेखि आयातित वस्तुसम्म कर संरचनाको अनिश्चितताले उत्पादन लागत बढाएको छ र प्रतिस्पर्धात्मक क्षमता कमजोर बनाएको छ । अर्कोतर्फ, नेपालको कर दायरा अझै साँघुरो छ । ठूलो अनौपचारिक अर्थतन्त्र कर प्रणालीबाहिर रहँदा सीमित कर दातामाथि बढी भार परेको छ । परिणामत: सरकार नयाँ क्षेत्र करको दायरामा ल्याउनुभन्दा पुरानै करदातामाथि दर बढाउने सजिलो बाटो रोज्ने गर्छ ।

समस्या यतिमै सीमित छैन । दक्षिण एशियाली सन्दर्भमा नेपालका केही कर दर तुलनात्मक रूपमा उच्च छन्, विशेषगरी आयात, सवारीसाधन र उद्योगसँग सम्बन्धित क्षेत्रमा । जबकि भारत र बङ्गलादेश जस्ता मुलुकले उत्पादन र निर्यात बढाउन कर सहुलियतमार्फत उद्योगलाई प्रतिस्पर्धी बनाइरहेका छन् । अर्थतन्त्रलाई चलायमान बनाउने हो भने कर नीतिलाई वार्षिक प्रयोगशाला बनाउने होइन, स्थिर, पूर्वानुमानयोग्य र व्यापक आधारमा पुनर्संरचना गर्नुपर्छ । किनकि अस्थिर कर प्रणालीले राजस्व त उठाउन सक्छ, तर लगानी र उत्पादनलाई उठाउन सक्दैन ।

### ‘इन्फ्रास्ट्रक्चर डेफिसिट’ को तत्काल सम्बोधन

नेपालको विकासको एउटा ठूलो अवरोधमध्ये एक ‘इन्फ्रास्ट्रक्चर डेफिसिट’ (पूर्वाधार अभाव) हो । सडक, रेल, विद्युत् प्रसारण, ढुवानी र औद्योगिक पूर्वाधारका हिसाबले नेपाल दक्षिण एशियाका धेरै मुलुकभन्दा पछाडि छ । यसको प्रत्यक्ष असर उत्पादन लागतमा परेको छ । ढिलो ढुवानी, कमजोर सडक, सीमित भण्डारण र कमजोर कनेक्टिभिटीका कारण नेपाली उद्योगको लागत क्षेत्रीय प्रतिस्पर्धी मुलुकभन्दा महँगो बनेको छ । जब भारत र बङ्गलादेशले सडक सञ्जाल, औद्योगिक पूर्वाधार र निर्यात-सहज ढुवानी प्रणाली सुधार गरेर उत्पादन लागत घटाइरहेका छन्, नेपाल भने अझै कमजोर पूर्वाधारको भारी बोकेर प्रतिस्पर्धा गर्न बाध्य छ । भूपरिवेष्ठित देश हुनुको चुनौती त छँदैछ, त्यसमा पनि गुणस्तरीय सडक र रेल पूर्वाधार अभावले लागत झन् बढाएको छ । अर्कोतिर राष्ट्रिय गौरवका आयोजनाहरू वर्षौंसम्म अधुरा छन् र यी परियोजनाहरूले ढिलाइ, लागत वृद्धि र कमजोर व्यवस्थापनको समस्या भोगिरहेका छन् ।

कतिपय संरचना बने पनि अपेक्षित आर्थिक प्रतिफल दिनसकेका छैनन् । पूर्वाधार कमजोर हुँदा लागत पहिल्यै महँगो छह त्यसमा उच्च करले नेपाली उत्पादनलाई अझै कम प्रतिस्पर्धी बनाएको छ । परिणामत: लगानी आकर्षित गर्न कठिन भएको छ । यदि आगामी बजेटले साँच्चै क्रमभङ्गता ल्याउने हो भने नयाँ घोषणा होइन, अधुरा आयोजना सम्पन्न गर्ने, ढुवानी लागत घटाउने र उत्पादनमुखी पूर्वाधारमा लगानी केन्द्रित गर्ने साहस गर्नुपर्छ । किनकि पूर्वाधार विना प्रतिस्पर्धी अर्थतन्त्र सम्भव हुँदैन ।

### उत्पादन र रोजगारीका लागि अर्थतन्त्रको पुनर्संरचना

यदि आगामी बजेटले साँच्चै उत्पादन र रोजगारीलाई प्राथमिकता दिने हो भने अर्थतन्त्रको आधारभूत पुनर्संरचना अपरिहार्य छ । अहिले नेपालको अर्थतन्त्र उत्पादनभन्दा सेवा, आयात र विप्रेषणमा आधारित उपभोगमा टिकेको छ । परिणामत: आर्थिक वृद्धि भए पनि पर्याप्त रोजगारी सिर्जना हुनसकेको छैन, व्यापार घाटा गहिरिँदै गएको छ र वैदेशिक निर्भरता बढेको छ । नेपालले खाद्यान्नदेखि निर्माण सामग्रीसम्म ठूलो मात्रामा आयात गरिरहेको छ, जबकि धेरै वस्तु स्वदेशमै उत्पादन गर्न सकिन्छ । यसको अर्थ समस्या केवल स्रोतको होइन, नीतिगत प्राथमिकताको पनि हो । आगामी बजेटले कृषि आधुनिकीकरण, कृषि-प्रशोधन, ऊर्जामा आधारित उद्योग, सूचनाप्रविधि (आईटी), पर्यटन र साना-मझौला उत्पादनमूलक उद्योग, जैविक कृषि र वित्तीय सेवालाई उत्पादन र निर्यातसँग जोड्नुपर्छ ।

बङ्गलादेशले गार्मेन्ट उद्योगमार्फत लाखौं रोजगारी सिर्जना गर्‍यो भने भियतनामले उत्पादन र निर्यातमुखी नीतिबाट आफ्नो अर्थतन्त्रको बनोट नै परिवर्तन गर्‍यो । नेपालले पनि आफ्नो तुलनात्मक लाभ भएका क्षेत्रमा लगानी केन्द्रित गर्नुपर्छ । भारत र चीन जस्ता विशाल बजार छिमेकमा हुनु नेपालको ठूलो अवसर हो । विद्युत् निर्यात, डिजिटल सेवा, उच्च मूल्यका कृषि उत्पादन र गुणस्तरीय पर्यटनलाई बजारसँग जोड्न सकियो भने नेपाल आयातमा निर्भर अर्थतन्त्रबाट उत्पादन र निर्यातमुखी अर्थतन्त्रतर्फ उन्मुख हुन सक्छ । तर नेपालको चुनौती केवल आर्थिक वृद्धि ( जीडीपी वृद्धि) होइन, रोजगारी वृद्धि हो । विगत ६० वर्षको ४ प्रतिशत हाराहारीको आर्थिक वृद्धिले पर्याप्त रोजगारी सिर्जना गर्न सकेन, बरु युवा पलायन बढायो । उच्च वृद्धि हासिल नभएसम्म सीमित वृद्धिको लाभ केही समूहमा केन्द्रित हुने र असमानता बढ्ने जोखिम रहन्छ । त्यसैले आगामी बजेटलाई युवाकेन्द्रित बनाउन स्टार्टअप वित्तको विस्तार, सूचनाप्रविधिको निर्यात प्रवर्धन, रोजगारकेन्द्रित सीप तालिम, कृषि प्रशोधन उद्योगलाई प्रोत्साहन तथा वैदेशिक रोजगारीबाट फर्केकाको सीप, पूँजी र अनुभव परिचालनका लागि छुट्टै कोष स्थापना गर्न आवश्यक छ । बजेटले यदि उत्पादन र रोजगारीलाई केन्द्रमा राख्न सकेन भने अर्थतन्त्रको निर्भरता मात्र गहिरिनेछ ।

### विकास खर्चको मात्रा र खर्च गर्ने क्षमतामा अभिवृद्धि

नेपालको बजेट प्रणालीको पुरानो कमजोरी साधारण खर्च अत्यधिक र विकास खर्च न्यून हुनु हो । बजेटको ठूलो हिस्सा तलब, भत्ता र प्रशासनिक सञ्चालनमा खर्च हुने तर विकास खर्च करिब एकतिहाइमै सीमित रहने प्रवृत्तिले उत्पादन क्षमता, पूर्वाधार र रोजगारी विस्तारलाई कमजोर बनाएको छ । अझ गम्भीर समस्या, छुट्याइएको विकास बजेट समेत पूर्ण रूपमा खर्च हुन नसक्नु हो । विकास खर्च केवल खर्च होइन, आर्थिक वृद्धिको इन्जिन हो । सडक, ऊर्जा, सिंचाइ र औद्योगिक पूर्वाधारमा लगानीले उत्पादन लागत घटाउँछ, निजी लगानी आकर्षित र रोजगारी सिर्जना गर्छ । यही कारण भारतले पछिल्ला वर्षमा सडक, रेल र ऊर्जा क्षेत्रमा पूँजीगत खर्च उल्लेखनीय रूपमा बढाएको छ । त्यसले ढुवानी लागत घटाएको छ र उद्योग विस्तारलाई गति दिएको छ ।

नेपालमा समस्या बजेटको आकार भन्दा कार्यान्वयन क्षमताको हो । जग्गा अधिग्रहणमा ढिलाइ, कमजोर ठेक्का प्रणाली र प्रशासनिक जटिलताका कारण राष्ट्रिय गौरवका धेरै आयोजना वर्षौंसम्म अल्झिएका छन् । परिणामत: विकास खर्च जेठ-असारमा हतारमा गरिने विकासको भलमा सीमित हुने गरेको छ । यदि आगामी बजेटले साँच्चै क्रमभङ्गता ल्याउने हो भने पहिलो कदम साधारण खर्चमा निर्मम नियन्त्रण हुनुपर्छ । जस्तो कि, अनावश्यक संरचना कटौती, प्रशासनिक मितव्ययिता र डिजिटलाइजेसन तथा ई-गभर्नेन्समा यथेष्ट लगानी । अर्कोतिर बङ्गलादेश, भुटान, माल्दिभ्स र भारतकै तुलनामा नेपालमा सरकारी तलब-सुविधा न्यून छ भनिन्छ । भ्रष्टाचार नियन्त्रणका लागि समेत सरकारी सेवाको तलब वृद्धिले भूमिका खेल्न सक्छ तर विश्व बैङ्ककै आँकडाअनुसार तलब बढाउँदैमा भ्रष्टाचार स्वत: कम हुँदैन । यस सँगसँगै ‘भ्रष्टाचारमा शून्य सहनशीलता’ नीतिको प्रभावकारी कार्यान्वयन आवश्यक छ ।

दोस्रो, विकास खर्चको हिस्सा बढाएर उत्पादनशील क्षेत्रमा केन्द्रित गर्नुपर्छ । तर खर्च बढाउनु मात्र पर्याप्त हुँदैनह खर्च गर्ने क्षमता पनि बढाउनुपर्छ । यसका लागि त्रैमासिक खर्च लक्ष्य अनिवार्य बनाउने, सचिवदेखि परियोजना प्रमुखसम्म कार्यसम्पादन करार लागू गर्ने र परियोजनाको अनलाइन अनुगमन प्रणाली बलियो बनाउन जरूरी छ । अहिले धेरै देशमा सर्वसाधारणले समेत परियोजनाको प्रगति अनलाइन हेर्न सक्छन् । नेपालले पनि पूर्वाधार निर्माणमा पारदर्शिता र जवाफदेही बढाउन सके मात्र ‘जेठ-असार विकास’ संस्कृतिको अन्त्य हुन सक्छ ।

### निजी क्षेत्रको विश्वास र आत्मबलको पुनर्जागरण

जेनजी आन्दोलनपछि भएको तोडफोड र आगजनीले निजी क्षेत्रको मनोबल र लगानीप्रतिको विश्वास कमजोर बनाएको छ । आगामी बजेट केवल क्षतिपूर्तिमा होइन, विश्वास पुनर्निर्माण गर्ने दिशामा केन्द्रित हुनुपर्छ । सुरक्षा, नीतिगत स्थिरता, वित्तीय सहुलियत र छिटो सेवा प्रवाहको संयोजनले मात्र निजी क्षेत्र फेरि अर्थतन्त्रको मुख्य इन्जिन बन्न सक्छ ।

उद्योग-व्यवसायको सुरक्षा र सम्पत्ति संरक्षणका लागि स्पष्ट लगानी प्रवर्धन ‘फ्रेमवर्क’ आवश्यक छ, जसले क्षति भएमा छिटो क्षतिपूर्ति, बीमा सहजीकरण र सुरक्षा ग्यारेन्टी सुनिश्चित गरोस् । यसले लगानीकर्तामा राज्यप्रति भरोसा बढाउँछ । दोस्रो, प्रभावित व्यवसायका लागि ‘व्यवसाय पुनरुत्थान प्याकेज’ ल्याउनुपर्छ । जस्तो कि, पुन:स्थापना कर्जा, कर स्थगन र ऋण पुनर्संरचना जस्ता सहुलियतहरू । यसले बन्द भएका साना-मझौला उद्योग पुन: सञ्चालनमा फर्कन मद्दत गर्छ र रोजगारी जोगाउँछ ।

तेस्रो, राजनीतिक जोखिम बीमा (पोलिटिकल रिस्क इन्स्योरेन्स) र व्यवसाय अवरोध बीमालाई विस्तार गर्नुपर्छ, जसमा प्रारम्भिक चरणमा राज्यले प्रिमियममा सहुलियत दिन सक्छ । यसले निजी क्षेत्रको जोखिम घटाउँछ । यसअघि शुरु गर्न खोजिएका लगानी प्रक्रिया सरल बनाउन प्रणाली छिटो र पारदर्शी बनाउन जरूरी छ । साथै, लगानीलाई प्रतिस्पर्धी बनाउन आर्थिक सुशासन बलियो बनाउनु आवश्यक छ । जस्तो कि, ठेक्का प्रणाली पारदर्शी बनाउने, ई-गभर्नेन्स विस्तार गर्ने, कर प्रणाली सरल बनाउने र उद्योगलाई आवश्यक पूर्वाधार (बिजुली, सडक, जग्गा) सहज उपलब्ध गराउने नीति अपरिहार्य छ ।

*(साभार: अनलाइनखबर)*

जेनजी आन्दोलन:

# मानव अधिकार आयोगको सिफारिस कार्यान्वयन कति सम्भव ?



काठमाडौं/राष्ट्रिय मानव अधिकार आयोगले गत भदौ २३ र २४ गतेको घटनाका दोषीहरूलाई कारबाही र थप अनुसन्धान गर्न सिफारिस गरेको छ । जेनजी आन्दोलनका क्रममा विद्यार्थी, प्रहरी, प्रदर्शनकारी, कैदीबन्दी गरी ७६ जनाको ज्यान गएको थियो । आयोगकी सदस्य लिली हजुर बस्न्यात थापाको संयोजकत्वमा गठित समितिले पूर्वप्रधानमन्त्री केपी शर्मा ओली, पूर्व गृहमन्त्री रमेश लेखक र पूर्व सूचना तथा सञ्चारमन्त्री पृथ्वी सुब्बा गुरुङले मानव अधिकार उल्लंघन गरेको निश्कर्ष निकालेको हो ।

उनीहरूलाई मानव अधिकार उल्लंघनको विषयमा सजाय गर्ने व्यवस्था हाल प्रचलनमा रहेको कुनै पनि कानुनमा नदेखिएको भन्दै मानवता र मानव अधिकारको कसुरमा पश्चातदर्शी (कानुन बन्नुअघिको अपराधमा समेत सजाय हुने) कानुन बनाएर भए पनि कारबाही गर्न सिफारिस गरिएको छ । आयोगले बुधबार प्रधानमन्त्री कार्यालयमा पठाएको सिफारिसमा अन्तरिम सरकारका प्रधानमन्त्री सुशील कार्की, निवर्तमान गृहमन्त्री सुधन गुरुङ लगायतलाई थप अनुसन्धान गर्न भनिएको छ ।

त्यस्तै, सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई जेनजी आन्दोलनका क्रममा कारगारबाट कैदीबन्दी बाहिर पठाउने कार्यमा संलग्न भएको किटान गरिएको छ । रास्वपाका सांसदहरू मनिष झा र हरि ढकाल, नख्खु कारागार प्रशासका सत्यराज जोशी लगायतलाई अनुसन्धानमा ल्याउन सिफारिस गरिएको छ ।

जेनजी आन्दोलन दमन गरेको भन्दै प्रहरी महानिरीक्षक दानबहादुर कार्की र सशस्त्र प्रहरी बलका आईजीपी नारायणदत्त पौडेल, डीआईजी ओमविक्रम राना, एसएसपी विश्व अधिकारी, सशस्त्रका एसपी जीवन केसी, राष्ट्रिय अनुसन्धान विभागका निर्देशक कृष्ण खनाल, काठमाडौं प्रमुख जिल्ला अधिकारी छविलाल रिजाललाई विभागीय कार बाहीको सिफारिस गरिएको छ ।

भदौको आन्दोलनका बेला सिंहदरबार, सर्वोच्च अदालत र राष्ट्रपति भवन तोडफोड र आगजनी हुनुमा नेपाली सेनाको पनि कमजारी रहेको आयोगले किटान गरेको छ । यद्यपि, सेनालाई कारबाहीको सिफारिस भने गरेको छैन । आयोगले पूर्णप्रतिवेदन भने सार्वजनिक गरेको छैन । एक हजार पृष्ठको प्रतिवेदनको आधारमा गरिएका निर्णय सार्वजनिक भएको आयोगले जनाएको छ ।

मानव अधिकार आयोगका पूर्वसदस्य गौरीशंकरलाल दास कुनै पनि संवैधानिक आयोगका सिफारिस कार्यान्वयन बाध्यकारी हुने बताउँछन् । उनी भन्छन्, 'लोकतन्त्र बलियो भएको देशमा मानव अधिकार उल्लंघन गरेको छैन भनेर आयोगले सिफारिस गरेपछि मात्र बढुवा हुने चलन छ । हामी कहाँ आयोगका सिफारिस १० प्रतिशत पनि कार्यान्वयन हुँदैनन् ।'

जाँचबुझ आयोग ऐन, २०२६ मा सार्वजनिक महत्त्वको कुनै कुराको जाँचबुझ गर्नको लागि कुनै आयोग गठन आवश्यक देखिएमा यस्तो आयोग गठन गर्न सकिने प्रावधान छ । यसरी बनेका आयोगहरूलाई घटनासँग सम्बन्धित तथ्य र विवरण संकलन गर्ने अधिकार हुन्छ ।

जाँचबुझ आयोग ऐन अनुसार बनेका आयोगहरूलाई जाँचबुझ गरेर आफ्नो मत राख्न पाउन भए पनि अन्तिम निर्णय गर्ने निकाय भने सरकार नै हुन्छ । सामान्यत: यस्ता आयोगहरूले थप कारवाही अनुसन्धान गरेर कानुन अनुसार कारवाही गर्नु भन्ने सिफारिस गरिएको हुन्छ ।

मानव अधिकार आयोगकी पूर्वसदस्य मोहना अन्सारी संवैधानिक आयोग र कानुन अनुसार गठन भएका अन्य आयोगको कार्यादेश नै फरक हुने बताउँछिन् । संवैधानिक आयोगको सिफारिस बाध्यकारी भए पनि मानव अधिकार आयोगको प्रतिवेदन कार्यान्वयन भएको अनुभव गर्न नपाएको अन्सारीको गुनासो छ ।

अन्सारी भन्छिन्, 'हाम्रो पालामा गरिएका सिफारिस पनि कार्यान्वयन भएनन् । यस्तो सिफारिस कार्यान्वयन हुँदा अन्तर्राष्ट्रिय क्षेत्रमा पनि राज्यको शिर उँचो हुन्छ ।' सिफारिस कार्यान्वयन नहुँदा के हुन्छ भन्ने एउटा दृष्टान्त हेरौं । दशक लामो माओवादी सशस्त्र द्वन्द्वका क्रममा गोरुसिंगे ब्यारेकमा जनकबहादुर राउतलाई चरम यातना दिएको मुद्दामा नेपाली सेनाका महासेनानी कुमार लामालाई विभागीय कारवाही र पीडितलाई क्षतिपूर्ति दिनुपर्ने सिफारिस गरिएको थियो ।

सरकारले लामालाई कुनै कारवाही गरेन । दक्षिण सुडानमा खटिएका लामा बिदामा बेलायत गएका बेला २०६९ पुसमा प्रक्राउ परे । त्यतिबेला उनी कर्णेलमा बढुवा भइसकेका थिए । २०७१ सालमा संसद्को सामाजिक न्याय तथा मानवअधिकार समितिको बैठकमा अहिलेको राष्ट्रपति रामचन्द्र पौडेल लगायतका सभासदहरूले लामालाई नेपाल फर्काएर नेपालकै कानुन अनुसार अनुसन्धान गर्नुपर्ने माग गरेका थिए ।

'आयोगको प्रतिवेदन कार्यान्वयन भएको भए लामालाई छुटाउन राज्यका त्यति धेरै संयन्त्र परिचालित हुनैपर्ने थिएन, उहाँले पनि विदेशमा त्यस्तो अपमानबोध गर्नुपर्ने थिएन,' आयोगका एक सदस्य भन्छन् । २०७२ माघमा मोरङको रंगेलीमा नेकपा (एमाले) र संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाका कार्यकर्ताबीच झडप हुँदा प्रहरीको गोली लागेर तीन जनाको ज्यान गएको थियो । सुरक्षा अधिकारीहरूले सतर्कता नअपनाउँदा तीन जनाको मृत्यु भएको आयोगले निष्कर्ष निकाल्यो । आयोगले दोषीलाई कानुन बमोजिम कारबाही गर्न र मृतक परिवारलाई उचित राहत र क्षतिपूर्तिको सिफारिस गर्‍यो । त्यतिबेला कारबाहीका सिफारिसमा परेका अधिकारीहरू सिफारिस पुनरावलोकनको निवेदन लिएर आयोगमा पुगे ।

आयोग आफ्नो निर्णयमा अडिग रह्यो । 'मानव अधिकार आयोगको सिफारिस पुन:विचार गर्न वा सच्याउने प्रावधान नै छैन,' आयोगकी पूर्वसदस्य अन्सारी भन्छिन् । संविधानको धारा २४९ ले आयोगलाई मानव अधिकार उल्लंघन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध मुद्दा चलाउनु पर्ने भए अदालतमा मुद्दा दायर गर्न सिफारिस गर्न सक्ने अधिकार दिएको छ ।

आयोगले मानव अधिकार उल्लंघन गर्नेलाई विभागीय कारबाही र सजाय गर्न सम्बन्धित निकाय समक्ष सिफारिस गर्नसक्नेछ । सर्वोच्च अदालतले समेत आयोगको सिफारिस 'यदि र तर' नभनी कार्यान्वयन गर्न आदेश दिइसकेको छ ।

मानव अधिकारकर्मी चरण प्रसाई जेनजी आन्दोलनको सन्दर्भमा आयोगले गरेको सिफारिसमा विभिन्न कमीकमजोरी रहेको बताउँछन् । कमीकमजोरीका बाबजुद आयोगको सिफारिस कार्यान्वयनको विकल्प नभएको प्रसाई बताउँछन् । 'जस्तो निवर्तमान गृहमन्त्रीलाई पुन: गृहमन्त्री बनाउने चर्चा छ, आयोगको सिफारिस अनुसार उहाँलाई त्यस्तो जिम्मेवारी दिन मिल्दैन,' प्रसाई भन्छन् ।

आफ्नो सिफारिस कार्यान्वयन भए नभएको विवरण तीन-तीन महिनामा प्राप्त गर्ने अधिकार आयोगलाई छ । संविधानिक प्रावधान स्मरण गर्दै उनी भन्छन्, 'आयोगको सिफारिस कार्यान्वयन ऐच्छिक विषय त होइन नै, कार्यान्वयन गर्न अटेर गर्ने निकायका अधिकारीको नाम मानवअधिकार उल्लंघनकर्ताको रुपमा सार्वजनिक गर्ने अधिकार आयोगलाई छ ।'

*(स्रोत: अनलाइनखबर)*

# मानवताको सम्मानले मात्रै बन्छ 'शक्तिशाली राष्ट्र': प्रदेश प्रमुख देवकोटा



साझाकुरा संवाददाता

हेटौंडा, १३ जेठ/ बागमती प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले कुनैपनि राष्ट्रको वास्तविक शक्ति केवल भौतिक पूर्वाधार, विकास निर्माण वा आर्थिक समृद्धिले मात्र निर्धारण नहुने बताएका छन् । उनले नागरिकबीचको आपसी सम्मान, समानता, न्याय र मानवताको भावनाले मात्रै राष्ट्रलाई दीर्घकालीनरूपमा बलियो र सभ्य बनाउने धारणा व्यक्त गरेका हुन् ।

राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयद्वारा आयोजित मानव अधिकारसम्बन्धी कार्यक्रममा बोल्दै प्रदेश प्रमुख देवकोटाले मानव अधिकारको संरक्षण र प्रवर्द्धन आजको आवश्यकता मात्रै नभई सभ्य समाज निर्माणको आधार भएको उल्लेख गरे । उनले समाजमा कमजोर, पीडित तथा पछाडि पारिएका वर्गको अधिकार सुनिश्चित नभएसम्म समृद्धिको नाराले मात्रै अर्थ नराख्ने बताए ।

'समृद्ध समाज भौतिक पूर्वाधारले होइन, न्याय र समानताले चिनिन्छ । जहाँ कमजोर नागरिक्ले पनि आफू सुरक्षित महशुस गर्छन्, त्यही समाज वास्तवमै सभ्य र शक्तिशाली हुन्छ', उनले भने ।

प्रदेश प्रमुख देवकोटाले मानव अधिकारलाई केवल कानुनी वा औपचारिक विषयका रूपमा नहेरी व्यवहारिकरूपमा कार्यान्वयन गर्नुपर्ने आवश्यकता औंल्याए । शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षा र सम्मानजनक जीवन जस्ता आधारभूत अधिकार सुनिश्चित गर्नु राज्यको प्रमुख दायित्व भएको उनले बताए ।

उनले कुनैपनि व्यक्ति जात, वर्ग, लिङ्ग, भाषा, धर्म वा आर्थिक अवस्थाका आधारमा विभेदमा पर्नु मानव अधिकारको गम्भीर उल्लंघन भएको उल्लेख गरे । 'कुनै महिला हिंसाको सिकार हुँदा, कुनै बालबालिका अन्यायमा पर्दा वा कुनै नागरिक विभेदको शिकार हुँदा त्यसको असर एउटा व्यक्तिमा मात्रै सीमित हुँदैन, त्यसले समग्र समाजलाई नै कमजोर बनाउँछ', उनले भने ।

कार्यक्रममा उनले पछिल्लो समय सामाजिक सञ्जाल र प्रविधिको तीव्र बिस्तारसँगै मानव अधिकारका चुनौतीहरू पनि बढ्दै गएको बताए ।

गलत सूचना, साइबर दुर्व्यवहार, घृणात्मक अभिव्यक्ति तथा व्यक्तिगत गोपनीयता उल्लंघन जस्ता विषयप्रति सचेत हुन आवश्यक रहेको उनको भनाइ थियो । प्रविधिको प्रयोग जिम्मेवार र मर्यादित हुनुपर्नेमा उनले जोड दिए ।

आयोगको बागमती प्रदेश कार्यालयम आर्थिक वर्ष २०८२/८३ मा हालसम्म नागरिक तथा राजनीतिक अधिकारअन्तर्गत ८ वटा, आर्थिक समाजिक तथा साँस्कृतिक अधिकारमा ४ वटा, यातना तथा क्रुर अमानवीय व्यवहार विरुद्धको अधिकारमा १ वटा, बाल अधिकारसम्बन्धी १, महिला अधिकार १, आप्रवासी कामदारहरुको अधिकारमा १, ज्येष्ठ नागरिकको अधिकारमा २, आदिवासी जनजातिको अधिकारमा १ वटा उजुरी गरी जम्मा १९ वटा उजुरी दर्ता भई अनुसन्धानको क्रममा रहेको आयोगका निमित्त प्रमुख चन्द्रकान्त चापागाँईले बताउनुभयो ।

आयोगको यस बागमति प्रदेश कार्यालयमा मौजुदा उजुरी पाँचसय २० र यसवर्षको १९ उजुरीहरु समेत गरी पाँचसय ३९ उजुरी रहेको उहाँले बताउनुभयो । आयोगका अनुसार यो अवधिमा विविध सवालमा आयोगमा आउने ६६ जना सेवाग्राहीहरुलाई परामर्श प्रदान गरि पठाइएको छ । जसमा ४६ जना पुरुष र १९ जना महिला साथै एक जना यौनिक तथा लैंगिक अल्पसंख्यक रहेका थिए ।

त्यसैगरी, २ जना महिला र १ जना बालकलाई स्थानीय प्रहरी प्रशासन एवम् संञ्चारकर्मी तथा अधिकारको क्षेत्रमा कृयाशिल संस्थासमेत सँगको समन्वय तथा सहकार्यमा निजहरुकै घरमा पून:स्थापित गराउने कार्य भएको छ । कार्यक्रममा सामाजिक विकास मन्त्रालयका सचिव खुबिराम अधिकारीले मानव अधिकारको लागि प्रदेश सरकार सदा प्रतिबद्ध रहेको बताए र कार्यक्रममा आन्तरिक मामिला सचिव कृष्णबहादुर शाही, गैसस मकवानपुर अध्यक्ष र मिला सापकोटालगायत विभिन्न सामाजिक संस्थाको प्रमुख तथा प्रतिनिधिको उपस्थिति रहेको मानव अधिकार अधिकृत कृष्णप्रसाद मिश्रले बताए ।

# निजी अस्पतालमा खर्च धान्न नसकेपछि स्वास्थ्य बीमा कटौती

काठमाडौं/स्वास्थ्य बीमा कार्यक्रम वित्तीय संकटमा परेपछि बीमा बोर्डले निजी अस्पतालबाट दिने सेवा कटौती गरेको छ । बोर्डले वित्तीय संकटलाई कारण देखाउँदै अर्को निर्णय नभएसम्म निजी स्वास्थ्य संस्थाबाट आकस्मिक बाहेकका सेवा बन्द रहने जनाएको छ । ११ जेठमा बसेको बोर्ड बैठकले देशभर स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध भएका ३६ वटा निजी अस्पताल र मेडिकल कलेजमा ओपीडी, परीक्षण, शल्यक्रिया र औषधि लगायतका सेवा बन्द गरेको हो ।

स्वास्थ्य बीमा बोर्डकी कार्यकारी निर्देशक शकुन्तला प्रजापतिले बोर्डमाथि अत्यधिक आर्थिक दायित्व बढेका कारण बाध्य भएर यस्तो निर्णय लिनु परेको बताइन् । बोर्डका अनुसार वैशाखसम्म पेस गर्ने दाबी रकम १८ अर्ब पुगिसकेको छ । हालसम्म मंसिरसम्मको दाबी रकमको समीक्षा भएको छ । देशभरका सेवाप्रदायक संस्थालाई मंसिरसम्मको मात्रै ८ अर्ब दिन बाँकी छ । 'आर्थिक दायित्व एक्दमै बढी भइसकेको छ । सरकारले आर्थिक सुनिश्चितता गरिदिएको भए सेवा रोक्नुपर्ने अवस्था आउने थिएन,' प्रजापतीले संचारकर्मीसँग भनिन्, 'यो छोटो अवधिको निर्णय हो । पछि वित्तीय अवस्था सुधार हुँदा सेवा फेरि खुलाउन सकिन्छ ।'

बोर्डका अनुसार प्रत्येक महिनामा औसत दुईदेखि साढे दुई अर्ब रुपैयाँसम्मको क्लेम (दाबी) आउने गरेको छ । तर राज्यबाट आवश्यक वित्तीय सुनिश्चितता नआउँदा सेवाको निरन्तरता दिन नसक्ने अवस्थामा पुगेको बीमा बोर्डका अधिकारीहरूको भनाइ छ । कार्यक्रमलाई नियमित रूपमा सञ्चालन गर्न वार्षिक २५ देखि २६ अर्ब रुपैयाँ आवश्यक पर्ने देखिन्छ । तर आम्दानी र खर्चबीचको खाडल निकै गहिरो छ । बिमितबाट संकलन हुने प्रिमियम वार्षिक करिब ४ अर्ब रुपैयाँ मात्र छ । सरकारले दिने वार्षिक १० अर्ब रुपैयाँ अनुदान जोड्दा पनि कूल खर्चको आधासमेत पुग्दैन ।

प्रजापतीका अनुसार निजी अस्पताललाई सेवा दिएबापतको समयमा भुक्तानी गर्नैपर्ने दायित्व बोर्डसँग छ । तर सरकारले कहिले रकम उपलब्ध गराउने भन्ने निश्चित नभएकाले बोर्डले तत्काल खर्च कटौतीको बाटो रोजेको हो । यस्तो अवस्थामा निजी अस्पतालमा सेवा बन्द हुँदा सरकारी अस्पतालमा बिरामीको चाप झन् बढ्ने चिन्ता उब्जिएको छ । अहिले नै सरकारी अस्पतालमा लामो लाइन, सीमित जनशक्ति र उपकरण अभावको समस्या रहेको छ । यद्यपि, बोर्डले भने नागरिक पूर्ण रूपमा सेवाबाट वञ्चित नहुने दाबी गरेको छ । 'इमर्जेन्सी सेवा चलिरहन्छ । नियमित सेवा सरकारी अस्पतालबाट लिन सकिन्छ,' प्रजापतीले भनिन् ।

बीमा कोषमा योगदान गर्ने सदस्य घट्दै जानु, सरकारबाट अनुदान ढिलो आउनु र अर्कोतर्फ निजी अस्पतालबाट आउने उच्च क्लेमका कारण बोर्डमाथि अबौं दायित्व थुप्रिँदै गएको छ । वित्तीय संकटका कारण ओपीडी सेवा खुम्च्याउने, निजी अस्पतालमा सेवा बन्द गर्ने लगायतका निर्णय गरिनुले कार्यक्रम नै धराशायी हुने दिशातर्फ पुगेको संकेत गरेको छ ।

**३६ अस्पताल निजी संस्था बराबर ४०० सरकारी संस्था**

बोर्डका एक अधिकारीका अनुसार उक्त निर्णय अत्यधिक वित्तीय भार नियन्त्रण गर्ने बाध्यात्मक कदम हो । अहिले बोर्डमाथि दैनिक ८ देखि १० करोड रुपैयाँसम्मको दायित्व थपिइरहेको छ । बीमा बोर्डको तथ्यांकअनुसार बीमामा आबद्ध निजी अस्पताल ३६ वटा छन् । तर तिनले पेस गर्ने दाबी रकम भने ४०० भन्दा बढी सरकारी स्वास्थ्य संस्थाको हाराहारीमा पुग्ने गरेको छ । अर्थात् संस्थाको संख्या अत्यन्त कम भए पनि खर्चको भार भने बराबर जस्तै हुने गरेको बोर्डका अधिकारीहरूको भनाइ छ । 'कूल क्लेममध्ये करिब आधा रकम निजी अस्पतालबाट आउँछ,' ती अधिकारी भन्छन्, 'अहिले सबैभन्दा धेरै भार सिर्जना गर्ने ओपीडी सेवा भने रोक्ने रणनीति अपनाइएको हो ।'

स्वास्थ्य बीमा प्रणाली सुरु भएदेखि नै निजी अस्पतालहरूले अनावश्यक परीक्षण, बढी औषधि र अतिरिक्त सेवा देखाएर बिमितको सुविधा थैली रकम सक्ने गरेको आरोप बेलाबेलामा उठ्दै आएको छ । बोर्डका पूर्वनिर्देशक रघुराज काफ्ले निजी अस्पतालमार्फत हुने दाबी रकम (क्लेम) सरकारी अस्पतालको तुलनामा तेब्बरसम्म पुग्ने बताउँछन् ।

उनका अनुसार यो क्लेम बिरामीको चापका कारणले होइन । निजी अस्पतालको लचिलो परीक्षण संस्कृति र बिरामीको चाहनाअनुसार गरिने परीक्षणका कारणले सिर्जना भएको हो । 'सरकारी अस्पतालमा एक रुपैयाँमा हुने उपचार निजीमा जाँदा तीन रुपैयाँ पुग्ने अवस्था हामीले देखेकै हो,' काफ्लले संचारकर्मीसँग भने ।

सरकारी अस्पतालमा चिकित्सकले आवश्यकताभन्दा बढी परीक्षण गर्न हिच्किचाउने अवस्था हुन्छ । बिरामीले आफूखुसी परीक्षण माग्दासमेत सरकारी अस्पतालले 'किन चाहियो ?' भनेर प्रश्न गर्छन् । तर निजी अस्पतालमा बिरामीले मागेपछि धेरै परीक्षण सहजै गरिन्छ । काफ्ले भन्छन्, 'निजी अस्पतालमा बिरामी र अस्पताल दुवैलाई बढी 'फ्लेक्सिबिलिटी' हुन्छ । त्यसैले क्लेम पनि अस्वाभाविक रूपमा बढेको देखिन्छ ।' बोर्डका अधिकारी पनि निजी अस्पतालले अतिरिक्त परीक्षण र औषधि थप्ने गरेको स्वीकार गर्छन् । ती अधिकारीले संचारकर्मीसँग भने, 'फर्जी बिरामी, नक्कली बिल सिस्टममा सजिलै छिर्दैन । तर अनावश्यक परीक्षण र थप औषधि जोडिने सम्भावना भने रहन्छ ।'

यही कारण निजी अस्पतालमाथि आन्तरिक रूपमा लामो समयदेखि निगरानी बढाउने बहस भइरहेको थियो । पछिल्लो निर्णय पनि निजी अस्पतालबाट क्रमश: हटाउँदै जाने र सरकारीलाई बलियो बनाउने उद्देश्यले गरिएको बार्डका अधिकारीको भनाइ छ ।

बोर्डका पूर्वअध्यक्ष तथा पूर्वस्वास्थ्य सचिव डा. सेनेन्द्रराज उप्रेतीले यो कदमलाई तात्कालिक दबाब व्यवस्थापनको प्रयास भने पनि दीर्घकालीन समाधान भने नरहेको बताए । उप्रेतीले निजी अस्पताललाई पूर्ण रूपमा बन्द गर्नुको सट्टा बीमा प्रणाली भित्रको कमजोरी सुधार गर्नुपर्नेमा जोड दिए । उप्रेतीका अनुसार निजी अस्पताल हटाउने निर्णयले सबै ठाउँमा समान असर नगरे पनि धेरै जिल्लामा यसको प्रत्यक्ष मार बिमित नागरिकलाई पर्नेछ ।

'नेपालगञ्ज, कोहलपुर जस्ता क्षेत्रका मेडिकल कलेजमा दूर दराजबाट बिरामी आउँछन् । निजी अस्पताल हट्दा पहुँचमै समस्या हुन्छ,' डा. उप्रेती भन्छन् । उनका अनुसार स्वास्थ्य बीमाको मूल अवधारणा नै सरकारी र निजी दुवै क्षेत्रबाट समान दरमा सेवा उपलब्ध गराउने थियो । 'बीमाले सरकारी र निजी अस्पताललाई एउटै दरमा भुक्तानी गर्थ्यो । त्यसैले बिरामीले आफूलाई सहज र छिटो सेवा पाइने ठाउँ रोज्ने अवसर पाएका थिए,' डा. उप्रेती भन्छन्, 'बिरामीको सन्तुष्टि पनि तुलनात्मक रूपमा बढी देखिन्छ ।'

तर उनले अहिलेको संकटको मुख्य कारण बोर्डको बढ्दो वित्तीय दायित्व भएको स्वीकार गर्दै भने, 'दायित्व धेरै भयो भने संकट आउँछ । तर संकट आयो भन्दैमा सेवा काट्दै जाने मात्र उपाय होइन ।' उप्रेतीले निजी अस्पतालबाट हुने 'फल्स क्लेम' र 'ओभर क्लेम' को समस्या यथावत नै रहेको स्वीकार गरे । निजीमा कतिपय अवस्थामा नगरेको परीक्षणको समेत दाबी गर्ने, तीन वटा परीक्षण गरेर पाँच वटाको बिल पेस गर्ने जस्ता विकृति देखिने गरेका छन् । 'यो नेपालमा मात्र होइन, संसारभर बीमा प्रणालीमा देखिने समस्या हो,' उप्रेती भन्छन्, 'तर त्यसलाई नियन्त्रण गर्ने जिम्मा बीमा प्रणालीकै हो । अनुगमन, डिजिटल ट्र्याकिङ र रियल टाइम क्लेम प्रणाली बलियो बनाउनुपर्छ ।'

**"नागरिकलाई झुक्याउने काम"**

बोर्डले १ फागुनदेखि स्वास्थ्य बीमामार्फत ओपीडी सेवा खुम्च्याएर २५ हजारमा झारेको छ । बोर्डले ओपीडी खर्चमा बढ्दो वित्तीय भार नियन्त्रण गर्दै बीमा कार्यक्रमलाई दिगो बनाउन उक्त सीमा तोक्ने निर्णय गरेको जनाएको छ ।

*(स्रोत: अनलाइनखबर)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# 'नौ डाँडा काटेर'मा आशीर्वाद र अश्विनीको अभिनय



काठमाडौं/फिल्म 'नाइँ नभन्नू ल ६'बाट अभिनेताको रूपमा डेब्यू गरेका आशीर्वाद क्षेत्रीले गएको ३ वर्षमा फिल्मभन्दा धेरै म्यूजिक भिडियोमा अभिनय गरिसकेका छन् । यो बीचमा उनका दुईवटा फिल्म प्रदर्शनमा आउँदा म्यूजिक भिडियो दुई दर्जनभन्दा बढी रिलिज भइसकेका छन् । यस्तैमा उनी अभिनीत नयाँ गीत 'नौ डाँडा काटेर' बुधबार युट्युबमा सार्वजनिक भएको छ ।

१४ मिनेटभन्दा लामो यस म्यूजिकल सर्ट फिल्ममा आशीर्वादको जोडी 'द्रोपदी' फिल्मकी अभिनेत्री अश्विनी शाहीसँग बाँधिएको छ । उनीहरूको फेसबुकबाट माया बसेको हुन्छ । गाउँमा लुगा सिलाउने काम गर्ने आशीर्वाद अश्विनीलाई भेट्न काठमाडौं आउँदाको प्रसंगलाई भिडियोमा देखाइएको छ । अश्विनी भने धनाड्य युवतीको भूमिकामा छिन् ।

आर.बी. फुनको अवधारणामा तयार भएको गीतमा गायक प्रताप दासको स्वर सुन्न सकिन्छ । गीतका शब्दहरू प्रताप शाहीले लेखेका हुन् भने संगीत सुवास पुन मगरको हो । गीतले प्रेममा डुबेको एक युवकको भावनात्मक अनुभूति प्रस्तुत गरेको छ । गीतमा युवतीलाई स्वर्गकी अप्सरा र पूर्णिमाको जूनसँग तुलना गर्दै उनको सौन्दर्यको वर्णन गरिएको छ ।

धड्कन नेपाल ग्रुपले निर्माण गरेको यस भिडियोमा आशीर्वाद र अश्विनीसहित राजाराम पौडेल, विशाल पहाडी, सङ्गी अधिकारी पोखरेल, सृष्टि घिमिरे, चेतना काफ्लेलगायतका कलाकारहरूको सशक्त अभिनय देख्न सकिन्छ । उत्तम हुमागाईंको छायांकन रहेको भिडियोलाई हरि हुमागाईंले निर्देशन गरेका हुन् । सम्पादन पनि हरि स्वयंको हो । रंग संयोजन प्रवीन मानन्धरको रहेको छ ।



### जेनजी आन्दोलन: मानव अधिकार आयोगको प्रतिवेदन सार्वजनिक

# सुशीला कार्कीदेखि सुधन गुरुङसम्मलाई अनुसन्धान गर्न सिफारिस

साझाकुरा संवाददाता

हेटौंडा, १३ जेठ/राष्ट्रिय मानव अधिकार आयोगले भदौ २३ को प्रदर्शनमा भएको दमन र भोलिपल्टको घटनाबारे छानबिन गरी प्रतिवेदन सार्वजनिक गरेको छ । आयोगकी सदस्य लिली थापाको संयोजकत्वमा भदौ २३ र २४ को घटनामा मानव अधिकार उल्लंघनका विषयमा अनुसन्धान गर्न समिति गठन भएको थियो ।



समितिको प्रतिवेदनका आधारमा आयोगले त्यसबेला सरकारको नेतृत्वमा रहेका प्रधानमन्त्री केपी ओली, गृहमन्त्री रमेश लेखक र सञ्चारमन्त्री पृथ्वीसुब्बा गुरुङलाई मानव अधिकार उल्लंघनकर्ताका रूपमा किटान गरको छ । आयोगले पूर्वप्रधानमन्त्री सुशीला कार्कीदेखि पूर्व गृहमन्त्री सुधन गुरुङसम्ममाथि थप अनुसन्धान गर्न सिफारिस गरेको छ ।

भदौ २३ र २४ गतेको आन्दोलनमा मानव अधिकार उल्लंघनबारे छानबिन गर्न आयोग सदस्य डा. लिली थापाको संयोजकत्वमा बनेको समितिले दिएको सिफारिसका आधारमा २३ र २४ भदौको आन्दोलनका क्रममा भएको भौतिक र मानवीय क्षतिमा उनीहरुको संलग्नता भएको नभएको बारे उनीहरु माथि थप अनुसन्धान गर्न सिफारिस गरको हो ।

'भाद्र २३ र २४ गतेको घटनामा भएको मानवीय र भौतिक क्षतिसमेतका कार्यमा निजहरुको संलग्नता रहे/नरहेको, निजहरुको अभिव्यक्तिबाटसमेत प्रदर्शनकारीहरु आक्रोशित र उत्तेजित भई कुनै असर र प्रभाव परे/नपरेको सार्वजनिक शान्ति र सुव्यवस्थामा खलल पुग्ने काम निजहरुबाट भए/नभएको वा सोको दुरुत्साहन भए/नभएको सम्बन्धमा सुक्ष्म अनुसन्धान गरी सम्बन्धित व्यक्ति तथा आमनागरिकलाई सुसूचित गराई उल्लिखित व्यक्तिहरुको स्वच्छ सुनुवाईको हक अधिकारको सुनिश्चततासहित अनुसन्धान गरी दोषी देखिए कारबाही गर्न' सिफारिस गर्ने निर्णय आयोगले गरेको हो ।

आयोगले भदौ २३ र २४ को घटनाबारे छानबिन गर्न नेपाल सरकारले गठन गरेको न्यायिक छानबिन आयोगका अध्यक्ष गौरीबहादुर कार्कीमाथि नै छानबिन सिफारिस गरेको छ ।

भदौ २३ र २४ गतेको घटनामा भएको मानवीय र भौतिक क्षति समेतका कार्यमा कार्कीको संलग्नता रहे/नरहेको तथा उनको अभिव्यक्तिबाट समेत प्रदर्शनकारीहरू आक्रोशित र उत्तेजित भई कुनै असर र प्रभाव परे/नपरेको विषयमा छानबिन गर्न आयोगले सिफारिस गरेको हो ।

सार्वजनिक शान्ति र सुव्यवस्थामा खलल पुग्ने काम उनी लगायत व्यक्तिहरुबाट भए/नभएको वा सोको दुरुत्साहन भए/नभएको सम्बन्धमा सूक्ष्म अनुसन्धान गरी दोषी देखिए कारबाही गर्न सिफारिस गर्ने निर्णय आयोगले गरेको हो ।

जेनजी आन्दोलनका क्रममा कार्कीले सामाजिक सञ्जालहरूमा भड्काउ अभिव्यक्ति दिएको भन्दै बिरोध भएको थियो । सरकारले उनै कार्कीलाई छानबिन आयोगको अध्यक्ष नियुक्त गरेको थियो । आयोगले २३ भदौका घटनाको मात्रै छानबिन गरी सरकारलाई प्रतिवेदन बुझाएको थियो । त्यो प्रतिवेदन निष्पक्ष नभएको भन्दै प्रतिपक्षी दलहरूले विरोध गरिरहेका छन् ।

आन्दोलनका क्रममा कारगारबाट कैदीबन्दी बाहिर पठाउने कार्यमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको संलग्नता रहेको किटान गर्दै उनलाई शंकाको दायरामा राखी सुक्ष्म अनुसन्धान गर्न पनि सिफारिस गरेको छ । आयोगले जेनजी आन्दोलनका क्रममा सिंहदरबार, सर्वोच्च अदालत र राष्ट्रपति भवन तोडफोड र आगजनी हुनुमा नेपाली सेनाको पनि कमजोरी रहेको किटान गरेको छ ।

प्रतिवेदनमा तीन निकायहरूमा जोगाउन नसकेकोले अब राष्ट्रिय सम्पत्ति जोगाउने दायित्व ख्याल गर्ने प्रधान सेनापतिलाई निर्देशन दिएको छ । सिंहदरबारको सुरक्षाको लागि सिंहदरबारभित्र रहेको सेनाको गणका तत्कालीन प्रमुख र राष्ट्रपति भवन शीतल निवासका सेनाको तत्कालीन कमाण्डरलाई सचेत गराउन आयोगले सरकारलाई ध्यानाकर्षण गराएको छ ।

आयोगले राज्यले पर्याप्त मात्रामा स्रोत साधनहरू सुरक्षाकर्मी लाई उपलब्ध गराउन नसक्दा ठूलो क्षति भएको औंल्याएको छ । आयोगले आफ्नो प्रतिवेदनमा यसबारे उल्लेख गर्दै स्रोत साधन नहुँदा प्रहरी आफैं ज्यान जोगाउन भाग्नु परेको उल्लेख गरेको छ । आन्दोलन माइतीघरबाट बबरमहलतर्फ अघि बढ्दा व्यापक मात्रामा घुसपैठ भएको र प्रहरी र प्रदर्शनकारीबीच निरन्तर झडप भएको पनि प्रतिवेदनमा उल्लेख गरेको छ ।

प्रदर्शनकारीले लाठी, तीर, गुलेलीसमेत प्रयोग गरी संसद भवनको पर्खाल फोडफोड गरेको उल्लेख गरेको छ । आगजनी गर्ने र सुरक्षाकर्मीलाई ज्यानको खतरा हुनसक्ने सम्भावना देखिएकाले प्रहरीले अश्रु ग्यास प्रहार गर्दै तितर बितर पार्न खोजेको र प्रदर्शनकारी झनै आक्रोशित भएर प्रहरीप्रति आक्रामक भएको उल्लेख गरेको छ ।

फिल्डमा खटिएका प्रहरीलाई ढाल, हेल्मेट, बुलेटप्रुफ भेस्ट, बुलेटप्रुफ सवारी जस्ता आत्मसुरक्षाका उपकरणहरू उपलब्ध गराउनु पर्नेमा सरकारले आवश्यक मात्रामा उलपब्ध गराउन नसकेको प्रतिवेदनमा उल्लेख छ । पर्याप्त स्रोत साधन नहुँदा प्रहरीले प्रदर्शनकारीलाई पक्राउ गर्न नसकेको, प्रहरी उल्टै जीवन जोगाउन भाग्नु परेको र बाध्य भइ गोली चलाउनु परेको प्रतिवेदनमा उल्लेख छ । जसकारण पर्याप्त स्रोत साधान नहुँदा र सुरक्षाकर्मीबाट समेत सावधानीपूर्वक हातहतियारको प्रयोग र नियन्त्रण हुन नसकेको प्रतिवेदनमा उल्लेख छ । आयोगले आफ्नो सिफारिस बुधबार प्रधानमन्त्री कार्यालयमा पठाइसकेको छ ।

# एसईईमा उत्कृष्ट अंक ल्याउने विद्यार्थी र शिक्षकलाई सम्मान

साझाकुरा संवाददाता

हेटौंडा, १३ जेठ/ हेटौंडा उपमहानगरपालिका १८ नं. वडा कार्यालयले २०८२ सालको एसईईमा उत्कृष्ट अंक ल्याउने वडा भित्रका विद्यार्थीहरुलाई नगदसहित सम्मान गरेको छ । बुधवार वडाको शिक्षा समितिद्धारा आयोजित कार्यक्रममा दुई सामुदायिक विद्यालय र एक नीजि विद्यालयका गरी जम्मा २४ जना विद्यार्थीहरुलाई नगदसहित सम्मान गरिएको हो ।



एसईईमा ए प्लस ग्रेड ल्याउने विद्यार्थीहरुमध्ये ज्योति माविका प्रतिष्ठा श्रेष्ठ, निर्जन दुलाल, युनिषा खड्का, र शुभम दाहाल, गोरक्षनाथ माविका अमृत पौडेल, मकवानपुर बाल विद्या सदनका आयुष गोपाली, अंकिता गिरी, प्रिन्शा कार्की र पुनम थापालाई जनही ५/५ हजार नगदसहित प्रमाणपत्रद्धारा सम्मान गरिएको हो ।

यसैगरी, ए ग्रेड प्राप्त गर्ने विद्यार्थीहरुमध्ये ज्योति माविका बुनिका पाखिन, संयोगी भुलुन, रोहित घर्तिमगर, जिसिका पौडेल, रिजन भण्डारी र जुनु के.सी., गोरक्षनाथ माविका सुदीप तामाङ र मकवानपुर बाल विद्या सदनका अविरल गोले, एलिसा बानियाँ, प्रिन्स राउत, पुष्प न्यौपाने, रिजु कार्की, तेज बहादुर विश्वकर्मा र आरुष महत जनही ३ हजार ५ सय नगदसहित प्रमाण पत्रद्वारा सम्मानित भएका हुन् ।

वडा नं. १८ ले यस वर्षको एसईई परीक्षामा आ-आफ्नो विषयमा शतप्रतिशत नतिजा ल्याउन सफल विषयगत शिक्षकहरुलाई पनि नगदसहित सम्मान गरिएको छ । सम्मानित हुने शिक्षकहरुमा ज्योति माविका रत्नलाल कंडेल (नेपाली), जानकी तिमल्सिना (कम्प्युटर), रेखाचन्द शर्मा साह (अंग्रेजी) यसैगरी, गोरक्षनाथ माविका मिना श्रेष्ठ थापा (सामाजिक), सन्तोष साह कानु (ऐ.गणित), मकवानपुर बाल विद्या सदनबाट रवि वर्नबाल (विज्ञान), गोपाल घिमिरे (गणित), सिर्जना थापामगर (अंग्रेजी र वातावरण विज्ञान), सरोज दाहाल (नेपाली) र छविलाल श्रेष्ठ (सामाजिक) लाई पनि नगदसहित सम्मान गरिएको हो ।

सम्मान कार्यक्रममा बोल्दै प्रमुख अतिथि एवम् १८ नम्बरका वडा अध्यक्ष अनिलकुमार बानियाँले ज्योति माविमा शैक्षिक सत्र २०८३ को कक्षा ११ मा जुनसुकै विषय लिएर पढ्न चाहने विद्यार्थीहरुलाई कार्यालयले निःशुल्क पठनपाठनको व्यवस्था गरिने बताएका छन् । उनले एसईईमा गतवर्षको तुलनामा यसवर्ष केहि प्रगति भएको र आगामी दिनहरुमा अझै शत्प्रतिशत नजिता हासिल गर्नको लागि सबै पक्षले आजैबाट भरपुर तयारी गर्नतर्फ लाग्न सुझाबसमेत दिए ।

यसवर्ष ज्योति माविबाट ४१ जना, गोरक्षनाथ माविबाट १५ जना र मकवानपुर बाल विद्या सदनबाट १७ जना गरी जम्मा ७३ जना विद्यार्थीहरु एसईईमा सहभागी भएका थिए ।

कार्यक्रममा बोल्दै मकवानपुर बाल विद्या सदनका प्रधानाध्यापक सुदीपराज गिरीले गतवर्ष सानो हलमा कार्यक्रम भएकोमा आज ठूलो हलभित्र सम्मान कार्यक्रम गरिनु हामी सबैको लागि गौरबको विषय भएको बताए ।

कार्यक्रमको अध्यक्ष एवं वडा सदस्य योगराज खतिवडाले यसै वडामा उपलब्ध कक्षा ११ को विषय अन्य कलेजमा गएर अध्ययन गर्ने विद्यार्थीहरुलाई अध्ययनको सिफारिस तथा निःशुल्क बस सेवा उपलब्ध नगराइने जानकारी दिए । उनले निःशुल्क अध्ययनका लागि वडाबाट सहयोग गरिने भएकाले सकेसम्म यहि नै अध्ययन गर्न विद्यार्थीहरुलाई आग्रह गरे ।

१८ नं. वडाको शिक्षा समितिले हरेक वर्ष एसईईमा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरुलाई नगद सहित सम्मान गर्दै आइरहेको छ । कार्यक्रममा शिक्षा समितिका सदस्यहरु, विद्यालयका शिक्षक, सम्मानित हुने विद्यार्थीका अभिभावकलगायतको सहभागिता थियो ।

# महिनावारी स्वच्छता दिवस कार्यक्रम सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, १३ जेठ/ नेपाल परिवार नियोजन संघ (एफपान) को आयोजनामा 'महिनावारीमैत्री समाजका लागि सहकार्य' भन्ने मूल नारासहित महिनावारी स्वच्छता दिवस कार्यक्रम सम्पन्न भएको छ ।

स्थानीय विद्यालय तथा समुदायस्तरमा आयोजना गरिएको कार्यक्रममा विद्यार्थी, किशोरकिशोरी तथा समुदायका सदस्यहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममार्फत् सहभागीहरू लाई महिनावारी स्वास्थ्य, व्यक्तिगत सरसफाइ तथा महिनावारीसँग जोडिएका सामाजिक भ्रम र गलत धारणाबारे जानकारी प्रदान गरिएको आयोजकले जनाएको छ । कार्यक्रममा महिनावारी महिलाको शरीरमा हुने प्राकृतिक जैविक प्रक्रिया भएको उल्लेख गर्दै यसलाई लाज वा विभेदको विषय नभई स्वास्थ्य र सचेतनासँग जोडेर बुझ्नुपर्नेमा जोड दिइएको थियो ।

सहभागीहरूलाई महिनावारी चक्र, शरीरमा हुने परिवर्तन, सरसफाइ अपनाउने तरिका तथा स्वास्थ्य सुरक्षासम्बन्धी विषयहरू सरल र व्यवहारिक शैलीमा प्रस्तुत गरिएको थियो ।




विशेषगरी महिनावारीको समयमा सफा सामग्री प्रयोग गर्ने, नियमित सरसफाइमा ध्यान दिने तथा कुनै स्वास्थ्य समस्या देखिएमा समयमै परामर्श लिनुपर्ने विषयमा जानकारी दिइएको थियो । प्रशिक्षकहरूले किशोरकिशोरीहरूलाई आत्मविश्वासी बनाउन र महिनावारीप्रति सकारात्मक सोच विकास गर्न यस्ता कार्यक्रम प्रभावकारी हुने बताएका छन् ।

कार्यक्रममा सहभागीहरूले महिनावारीसम्बन्धी धेरै उपयोगी जानकारी प्राप्त भएको प्रतिक्रिया दिएका थिए । उनीहरूले यस्ता कार्यक्रमले किशोरकिशोरीलाई सचेत, आत्मविश्वासी र स्वास्थ्यप्रति जिम्मेवार बनाउन महत्वपूर्ण भूमिका खेल्ने धारणा व्यक्त गरेका छन् । हेटौंडा उपमहानगरपालिका वडा नं. ११ का वडा अध्यक्ष जुना दाहालको प्रमुख आतिथ्यता एवम् नेपाल परिवार नियोजन संघका सभापति ईश्वर पणिडतको सभाध्यक्षतामा कार्यक्रम सम्पन्न भएको हो ।




आकर्षक घडेरी बिक्रीमा

हेटौंडा वडा नं. १ स्वर्गलोक,
हेटौंडा मोडल अस्पताल पछाडि




सम्पर्क:
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४४५०५३४९ (श्री लामा)

"सफा ट्यांकी, स्वस्थ जिन्दगी"

तपाईको पानी ट्यांकी कत्तिको सुरक्षित छ ?

कहिले याद गर्नु भएको छ ? बाहिरबाट स्वस्थ र सफा देखिए पनि ट्यांकी भित्र धुलो, हिलो, लेउ र किटाणुको भण्डार भई दुषित त छैन ?

याद गर्नुहोस् है

हामीले दुषित पानीबाट ब्रस वा मुख धुने, नुहाउने, खाना पकाउने, पिउने जस्ता कार्यहरु गरिरहेका छौं भने, प्राय रोगहरु दुक्षित पानीका कारण स्वास्थ्यमा धेरै समस्य देखा पर्न सक्दछ ।

- डायरिया
- कालो झाडा
- टाइफाइट
- हेपाटाइटिस ए
- स्किन यन्फेक्सन,

साथै अन्य जलजन्य रोगहरु लाग्न सक्दछ ।



अब तपाईको घरदैलोमा सस्तो र भरपर्दा सफाई सेवा लिएर आएका छौ, अत्याधुनिक प्रविधि उपकरणबाट सफाई गर्छौं । अब ढिला नगरौं आजै आफ्नो ट्यांकी सफा गरी आफ्नो र परिवारको स्वास्थ्य जोगाउनुहोस् ।

छत/भूमिगत पानी ट्यांकी सफाई सेवा

थप जानकारीको लागि

इनर्जेटिक सर्भिसिज प्रा.लि.

९८२७२८३०३०, ९७६१७१९६९९, ९८५५०६७१११

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना